मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(प्रशासन, योजना तथा अनुगमन शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन:-०४८-५४०११२

प.सं.:-०७८/७९

च.नं.:-

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

मिति २०७९/०३/१४

**विषयः जानकारी सम्वन्धमा ।**

मिति २०७९ साल जेठ २१ गते शनिवारका दिन मेरो प्रदेश डटकममा कमिशन लिँदै मन्थली नगरका हाकिम र लेखापाल शीर्षकमा प्रकाशित- कार्यालयको सूचना प्रकाशन गर्दा केन्द्रीय स्तरका दैनिक पत्रिका तथा विज्ञापन एजेन्सीसँगको मिलेमतोमा प्रति सूचना ४०% सम्म कमिशन लिने गरेको भन्ने समाचार प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा यस नगरपालिकाका सूचनाहरु प्रकाशित गर्ने गोरखापत्र संस्थान, धर्मपथ काठमाडौंलाई यस कार्यालयका सूचना प्रकाशित गर्दा कमिशन उपलब्ध गराउने ब्यवस्था भएमा सो वापतको रकम मन्थली नगरपालिकाको रा.वा. बैंक मन्थली शाखामा रहेको खाता नं १६८०१००३०१०१०००२ मा जम्मा गरिदिन भनि मिति २०७९/०२/२३ मा पत्राचार गरिएकोमा गोरखापत्र संस्थानबाट कार्यालयले सोझै उपलब्ध गराएको विज्ञापनमा विलिङ्ग गर्दा संस्थानको नियमानुसार २५% छुट दिई बाँकी भ्याट सहितको रकम मात्र भुक्तानी लिएको भन्ने समेत ब्यहोराको पत्र प्राप्त हुन आएकोले विषयवस्तुको सत्यता नवुझी कर्मचारीको चरित्रहत्या गर्ने गलत मनसायबाट प्रेरित भएर लेखिएका यस प्रकृतिका समाचारहरुबाट भ्रममा नपर्न सम्वन्धित सवैमा मन्थली नगरपालिकाको कार्यालय अनुरोध गर्दछ । यस सम्वन्धी थप जानकारी यस कार्यालय र गोरखापत्र संस्थानबाट प्रेषित संलग्न पत्रहरुबाट समेत प्राप्त गर्न सकिनेछ ।

नगरकार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

फोन नं. ०४८.५४०११२,
फ्याक्स : ०४८-५४०११२
वेभसाईट : www.manthalimun.gov.np

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

प.सं. : ०७८/७९
च.नं. : ३८६०

मिति :- २०७९/२/२३

**विषय :- सूचना विज्ञापनबाट प्राप्त हुने कमिशन सम्बन्धमा ।**

श्री गोरखापत्र संस्थान
धर्मपथ, काठमाण्डौ ।

प्रस्तुत विषयको सम्बन्धमा यस नगरपालिकाबाट बिभिन्न प्रकृतिका सार्वजनिक खरीद सम्बन्धी राष्ट्रिय पत्रिकामा प्रकाशन गर्नु पर्ने सम्पूर्ण सूचनाहरु तहाँबाट प्रकाशन हुँदै आइरहेको सन्दर्भमा रामेछाप जिल्ला स्थित केही पत्रपत्रिका सम्बद्ध पत्रकारहरुबाट गोरखापत्र संस्थानबाट सूचना प्रकाशन गर्दा ४०% सम्म कमिशन प्राप्त हुने मनसाय राखि यस कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुख र कार्यालय प्रमुखले स्थानीय पत्रपत्रिकालाइ सूचना प्रकाशन गर्न नदिएको बदनियतपूर्ण आरोप लगाई स्थानीय पत्रपत्रिका/ Online news portal मा समाचार प्रकाशन/प्रसारण भएको छ । यस कार्यालयको सूचना प्रकाशन गरे बापत तहाँ संस्थानले कमिशन भुक्तान गर्ने भए हालसम्मको कारोवारबाट यस कार्यालयलाइ कमिशनबाट प्राप्त हुने आय रकम मन्थली नगरपालिकाको रा.बा.बैक मन्थली शाखास्थित रहेको खाता नं.१६८०१००३०१०१०००२ जम्मा गर्ने व्यवस्था हुन साथै कमिशन प्राप्त नहुने भए सो व्यहोरा खुलेको पत्र यथाशीघ्र यस नगरपालिकाको आधिकारिक ईमेल ठेगाना ito.manthalimun@gmail.com मा पठाई सहयोग गरि दिनु हुन अनुरोध छ ।

.............................
(लिलाराज पौडेल)
प्रमुख प्रशासकिय अधिकृत

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री प्रेस काउन्सिल नेपाल
सिनामङ्गल, नेपाल : (जानकारीका लागि अनुरोध छ । )

सम्बन्धित Online Link सम्लग्न छ ।

# गोरखापत्र संस्थान

गोरखापत्र संस्थान २०२०

प्रकाशनहरू
गोरखापत्र (नेपाली दैनिक)
दि राइजिं· नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना बाल पत्रिका (नेपाली मासिक)

धर्मपथ, काठमाडौ
नेपाल
पो.ब.नं. २३

O/C

पत्रसंख्या :- 2832/068/169

मिति : २०७९।०३।०७

श्री मन्थली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल ।

**विषय: विज्ञापन छपाई सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको प.सं. : ०७८/७९, च.नं. ३८६०, मिति २०७९।०२।२३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । यस संस्थानको प्रकाशन गोरखापत्र दैनिकमा आ.व. २०७८/७९ को जेष्ठ २२ गतेसम्म तहाँ कार्यालयबाट विज्ञापन प्रकाशन गर्न अनुरोध भई आए बमोजिमका पन्ध्र (१५) थान विज्ञापन मध्ये १४ थान विज्ञापनहरु (विल नं. ८१९, ३२४९, ३५७१, ४५४४, ४५८५, ५६६०, ९७४४, ११५४९, १२०८०, १३९३२, १७८८६, १८०२३, १८०२४ र १८१७३) सो कार्यालय मार्फत सिधै प्राप्त भएको विज्ञापनमा विलिङ्ग गर्दा संस्थानको नियमानुसार २५% छुट दिई भ्याट सहितको रकम जम्मा रकम रु.५,७४,०१३ को विलिङ्ग गरिएको र मिति २०७८।०५।०२ गते सो कार्यालयको ४×२० साईजको शिलबन्दी बोलपत्र आह्वानको सूचना संस्थानमा सिधै प्राप्त नभई संस्थानबाट मान्यता प्राप्त विज्ञापन एजेन्सी जोईन मिडिया मार्फत प्राप्त भएकोले उक्त विज्ञापन एजेन्सीलाई गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन तथा विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका-२०५३ (परिमार्जित सहित संशोधित निर्देशिका-२०७८) को प्रावधान बमोजिम नियमानुसार संस्थागत छुट २५%, एजेन्सी कमिशन १५% र अग्रिम नगद जम्मा गरेकोले नगद छुट १०% प्रदान गरी भ्याट सहितको रु. ६७,४२७ (अक्षेरेपी सतसठ्ठी हजार चार सय सत्ताइस मात्र ।) को कर विजक जारी गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**बोधार्थ :**
श्रीमान् कार्यकारी अध्यक्षज्यू
श्रीमान् महाप्रबन्धकज्यू
श्रीमान् निर्देशकज्यू,अर्थ विभाग
श्रीमान् नि.निर्देशकज्यू,प्रशासन/व्यापार विभाग
श्रीमान् नि.प्रमुख प्रबन्धकज्यू,अर्थ विभाग
गोरखापत्र संस्थान ।

उमेशकुमार कार्की
**प्रमुख**
आम्दानी तथा विलिङ्ग शाखा